नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

---

# सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिम

# सार्वजनिक गरिएको सूचना

(२०७४ बैशाख, जेठ र असार )

प्रकाशकः

युवा तथा खेलकुद मन्त्रालय

तथ्याङ्क तथा सूचना शाखा

२०७४ असार१३ गते

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार

## सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) अनुसार सार्वजनिक गरिएको

## २०७४ बैशाख-असारको सूचनाको स्वतस्फूर्त प्रकाशन

युवा तथा खेलकुद मन्त्रालयको स्वरुप र प्रकृतिः

युवा तथा खेलकुद मन्त्रालय देशको प्रमुख श्रमशक्ति र उर्जाका रुपमा रहेका युवाहरुको समग्र विकास र खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार प्रमुख केन्द्रीय निकायका रुपमा २०६५ सालमा स्थापना भएको मन्त्रालय हो । युवा विकास तथा परिचालन खेलकुदको विकासका लागि नीति निर्माण, नीति कार्यान्वयनका लागि योजना तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने र सोको अनुगमन तथा मूल्याङ्कन गर्नु गराउनु यस मन्त्रालयको प्रमुख कार्य रहेको छ ।

**युवा तथा खेलकुद मन्त्रालयको काम, कर्तव्य र अधिकारः**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ अनुसार युवा तथा खेलकुद मन्त्रालयलाई प्राप्त कार्यदेश र जिम्मेवारीको क्षेत्र देहाय बमोजिम रहेको छः

१. युवा तथा खेलकुद सम्वन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

२. युवा परिचालन तथा राष्ट्रिय युवा विकास

३. युवा तथा खेलकुदसम्वन्धी विषयको अध्धयन, अनुसन्धान र सर्वेक्षण

४. युवालयको संचालन र युवालयसम्वन्धी राष्ट्रिय सम्पर्क र अन्तराष्ट्रिय समन्वय

५. युवा जनशक्तिको प्रशिक्षण र तालिम

६. युवा तथा खेलकुदसम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्वन्ध तथा प्रतिनिधित्व

७. खेलकुदसम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रम

८. युवा जागरण तथा विकाससम्वन्धी कार्यक्रम

९. युवा तथा खेलकुदसम्वन्धी विषयमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको परिचालन र क्षमता विकास

१०. राष्ट्रिय खेलकुद परिषद तथा खेलकुदसम्वन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय संस्था


११. नेपाल स्काउट

उल्लेखित काम, कर्तब्य र अधिकारका साथै यस मन्त्रालयलाई यी जिम्मेवारीका क्षेत्रमा नीतिगत ब्यवस्थापन, समन्वय, नियमनका लागि देहायका अधिकारक्षेत्र प्रदान गरेको छ।

- नीतिगत विकास ब्यवस्थापनको अधिकारक्षेत्र
- नियमनात्मक र नियन्त्रणात्मक अधिकारक्षेत्र
- सहकार्यात्मक र साझेदारीको अधिकारक्षेत्र
- विकासात्मक अधिकारक्षेत्र
- अनुसन्धानात्मक र सुधारात्मक अधिकारक्षेत्र
- समन्वयात्मक अधिकारक्षेत्र
- संस्थागत ब्यवस्थापकीय अधिकारक्षेत्र

- वित्तीय ब्यवस्थापकीय तथा स्रोत परिचालन अधिकारक्षेत्र
- अन्तराष्ट्रिय सम्पर्क र सम्वन्धको पिरचालन र ब्यवस्थापन गर्ने अधिकारक्षेत्र

**युवा तथा खेलकुद मन्त्रालयको संरचना, कर्मचारी सङ्ख्या र कार्य विवरणः**



**यस मन्त्रालयको शाखागत कार्यविवरण यसप्रकार रहेको छः**

**<u>आर्थिक प्रशासन शाखा</u>**

<u>उप-सचिव (लेखा)</u>

- मन्त्रालय अन्तर्गतको साधारण वजेट तयार गर्न सहयोग गर्ने,
- मन्त्रालय अन्तर्गतका निकायहरूलाई प्रदान गरिने बजेट अख्तियारी पत्र तयार गर्ने र खर्चसम्बन्धी नर्म्सलाई व्यवस्थित गर्ने,
- साधारण तथा विकास बजेट अन्तर्गतको निकासासम्बन्धी कार्यवाही गर्ने,

| क्र.सं. | पदको नाम | सेवा | श्रेणी | समूह। उपसमूह | स्वीकृत पदसंख्या |
|---|---|---|---|---|---|
| १. | सचिव | प्रशासन | रा.प.विशिष्ठ | सामान्य प्रशासन | १ |
| २. | सह सचिव | प्रशासन | रा.प.प्रथम | शिक्षा प्रशासन | १ |
| ३. | सह सचिव | शिक्षा | रा.प्र.प्रथम | सामान्य प्रशासन | १ |
| ४. | उप सचिव | प्रशासन | रा.प.दितीय | लेखा | ४ |
| ५. | उप सचिव | प्रशासन | रा.प.दितीय | शिक्षा प्रशासन | १ |
| ६. | उप सचिव | शिक्षा | रा.प.दितीय | सामान्य प्रशासन | ५ |
| ७. | शाखा अधिकृत | प्रशासन | रा.प.तृतीय | शिक्षा | ५ |
| ८. | शाखा अधिकृत | शिक्षा | रा.प.तृतीय | प्रशासन/शारीरिक | ६ |
| ९. | लेखा अधिकृत | प्रशासन | रा.प.तृतीय | लेखा | १ |
| १०. | कानून अधिकृत | न्याय | रा.प.तृतीय | कानून | १ |
| ११. | कम्प्युटरअधिकृत | विविध | रा.प.तृतीय | - | १ |
| १२. | नायव सुब्बा | प्रशासन | रा.प.अनं. प्रथम | सामान्य प्रशासन | १० |
| १३. | नायव सुब्बा | न्याय | रा.प.अनं. प्रथम | कानून | १ |
| १४. | लेखापाल | प्रशासन | रा.प.अनं. प्रथम | लेखा | २ |
| १५. | प्राविधिक सहायक | शिक्षा | रा.प.अनं. प्रथम | शिक्षा प्रशासन | १ |
| १६. | कम्प्युटर अपरेटर | विविध | रा.प.अनं. प्रथम | - | ८ |
| १७. | हलुका सवारी चालक | | श्रेणी विहिन | - | ४ |
| १८. | कार्यालय सहयोगी | | श्रेणी विहिन | - | १३ |
| | | | | जम्मा | ६६ |

- केन्द्रिय र कार्य सञ्चालनस्तरको लेखा राख्ने, सोको प्रतिवेदन तयार गर्ने तथा एकीकृत केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गर्ने,
- लेखापरीक्षण गराउने र वेरूजु सम्परीक्षण गर्न मदत गर्ने,
- आर्थिक प्रशासनका विषयमा मन्त्रालय र अन्तर्गतका कार्यालयहरूलाई राय सल्लाह प्रदान गर्ने,
- कर्मचारी प्रशासन शाखाको सहयोग लिई मन्त्रालयको कर्मचारीको तलबी प्रतिवेदन तयार गर्ने तथा तलब भत्ता वितरण गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

**तथ्यांक तथा सूचना शाखा**

उप सचिवः

- विभिन्न निकायहरूबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको तथ्यांकहरू प्राप्त गरी अद्यावधिक गर्ने, गराउने,
- मन्त्रालयको वेवसाइटको विकास तथा अद्यावधिक गर्ने, गराउने,
- युवा सूचना केन्द्र तथा अन्य निकायबाट सञ्चालित कार्यक्रमलाई एकिकृत सूचना प्रणालीमा आबद्घ गर्ने, गराउने,
- युथ फोकल प्वाईन्ट सम्बन्धी कार्य गर्ने, गराउने,
- प्राप्त सूचनाहरू परिमार्जन गरी सो सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,
- युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबीच सामञ्जस्यता कायम गर्न पहल गर्ने,
- मन्त्रालय अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने,
- सूचना तथा तथ्यांकहरू एकिकृत तथा विकास गर्नका लागि आवश्यक ढाँचाहरूको विकास गर्न अध्ययन, अनुसन्धान गर्ने, गराउने,

- शाखाको मासिक, चौमासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने, गराउने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,

<u>शाखा अधिकृत/सा.प्र. को कार्य विवरणः</u>

- विभिन्न निकायहरूबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको तथ्यांकहरू प्राप्त गरी अद्यावधिक गर्ने,
- युवा सूचना केन्द्र तथा अन्य निकायबाट सञ्चालित कार्यक्रमलाई एकिकृत सूचना प्रणालीमा आबद्ध गर्ने,
- युथ फोकल प्वाईन्ट सम्बन्धी कार्य गर्ने,
- प्राप्त सूचनाहरू परिमार्जन गरी सो सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,
- युवा सूचना केन्द्रको सुदृढिकरण सम्बन्धी कार्य गर्ने,
- युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबीच सामञ्जस्यता कायम गर्ने,
- सूचना एकिकृत तथा विकास गर्नका लागि आवश्यक ढाँचाहरूको विकास गर्न अध्ययन अनुसन्धान गर्ने,
- शाखाको मासिक, चौमासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- मन्त्रालय अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,
- शाखामा निर्माण भएका विभिन्न फाईलहरू सुरक्षित रूपमा राख्ने ।

<u>कम्प्युटर ईन्जिनियरको कार्यविवरणः</u>

- विभिन्न निकायहरूबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको तथ्यांकहरू प्राप्त गरी अद्यावधिक गर्ने,

- मन्त्रालयको वेबसाइट विकास तथा अद्यावधिक गर्ने र सोमा युवा तथा खेलकुद सम्बन्धी सूचनाहरू, जानकारीहरू राख्ने व्यवस्था मिलाउने,
- मन्त्रालयको ईलेक्ट्रोनिक्स उपकरण सम्बन्धी कार्य गर्ने,
- युवा सूचना केन्द्र तथा अन्य निकायबाट सञ्चालित कार्यक्रमलाई एकिकृत सूचना प्रणालीमा आबद्ध गर्ने र जिल्लास्थित युवा सूचना केन्द्रहरूको सबलीकरण सम्बन्धी कार्यहरू गर्ने,
- मन्त्रालयको क्षमता विकासका लागि आवश्यक सफ्टवेयरहरू निर्माण गर्ने,
- मन्त्रालय, युवा सूचना केन्द्र, अन्य सूचना प्रदायक निकायहरूबीच सञ्जाल निर्माण गर्ने,
- प्राप्त सूचनाहरू परिमार्जन गरी सो सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,
- युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबीच सामञ्जस्यता कायम गर्ने,
- एकिकृत सूचना प्रणालीमा आबद्ध गर्नका लागि अध्ययन, अनुसन्धान गर्ने,
- शाखाको मासिक, चौमासिक वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,
- शाखामा निर्माण भएका विभिन्न फाईलहरू सुरक्षित रूपमा राख्ने ।

**<u>युवा विकास तथा परिचालन शाखा</u>**

- राष्ट्रिय युवा नीति सम्बन्धी कार्य गर्ने,
- युवा सम्बन्धि नीति, कार्यक्रम, कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा समन्वय सम्बन्धी कार्य गर्ने राष्ट्रिय युवा परिचालनसम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा गर्ने,
- युवा परिचालनका लागि स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी/गराई सो अनुरूप कार्य सम्पादन गर्ने/गराउने,

- युवा बिकास तथा अन्य सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने,
- युवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग सम्पर्क, सम्बन्ध र समन्वय सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा युवा आदान प्रदानसम्बन्धी कार्य गर्ने,
- युवा सम्बन्धी लेख, रचना प्रकाशन गर्ने तथा सन्देशमूलक प्रचार प्रसार सामग्री उत्पादन गरी विभिन्न सञ्चार माध्यमद्वारा प्रचार प्रसार गर्ने/गराउने,
- युवा परिचालनका लागि गैरसरकारी क्षेत्रमा कार्यरत संघ/संस्थाहरूलाई परिचालन एवं समन्वय सम्बन्धी कार्य गर्ने,
- युवासम्बन्धी संस्थाको दर्ता प्रयोजनका लागि सिफारिस माग भई आएमा राय परामर्श दिने,
- नेपालस्थित विभिन्न राजदूतावास तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था मार्फत नेपालमा आउने युवा स्वयंसेवकहरूको सिफारिससम्बन्धी कार्य गर्ने,
- युवा अनुभव आदानप्रदान सम्बन्धी कार्य गर्ने,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- युवा र युवा संस्थाद्वारा सञ्चालन गरिने सीपमूलक तालिम तथा स्वरोजगारमूलक तालिम सम्बन्धी कार्य गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ।

**योजना तथा वैदेशिक समन्वय शाखा**

- मन्त्रालयको बार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने,
- युवा तथा खेलकुद विकाससम्बन्धी वार्षिक कार्यक्रमहरू तयार गर्ने,
- युवा तथा खेलकुद विकास सम्बन्धी आवधिक (अल्पकालिन, मध्य र दीर्घकालीन) योजनाहरू तयार गर्ने,
- जिल्ला तथा क्षेत्रस्तरीय कार्यक्रमहरूको तर्जुमा गर्ने,

- मन्त्रालय अन्तर्गतका निकाय तथा सम्बन्धित संस्थाबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिई राष्ट्रिय योजनामा समाहित गर्ने राष्ट्रिय योजना आयोगमा सिफारिस सहित पठाउने,
- वैदेशिक सहयोगका सम्बन्धमा सरकारका अन्य मन्त्रालय, आयोग, सचिवालय र दातृ निकायसँग सहयोग र सम्बन्ध विस्तार गर्ने आवश्यक कार्य गर्ने,
- युवा विकास सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण र राष्ट्रिय तथा अन्तर्रष्ट्रिय गोष्ठि, सेमिनार तथा सम्मेलन सम्बन्धि कार्य गर्ने गराउने,
- योजना शाखासँग समन्वय गरी वैदेशिक सहयोग सम्बन्धी कार्य गर्ने,
- युवा विकास र परिचालनका लागि अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी कार्य गर्ने,
- आन्तरिक व्यवस्थापन शाखाबाट अनुरोध भई आएका जनशक्ति विकास सम्बन्धी कार्यक्रमका लागि वैदेशिक सहयोगको परिचालन गर्ने पहल गर्ने,
- युवा, खेलकुद र स्काउटको विकास र विस्तारका लागि वैदेशिक सहयोग सम्भाव्यता र आवश्यकताको क्षेत्र पहिचान गर्ने,
- युवा, खेलकुद र स्काउटको विकास र विस्तारका लागि वैदेशिक सहयोग गर्ने विभिन्न वैदेशिक दातृ निकायहरूबीच सम्बन्ध सम्बन्धी कार्य गर्ने,
- शाखाको मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ।

**खेलकुद विकास शाखा**

- खेलकुद सम्बन्धि नीति, योजना तथा कार्यक्रमको तर्जुमा सो को कार्यान्वयन, अनुगमन, समन्वय र मूल्यांकन सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय खेलकुद नीतिको कार्यान्वयन गर्ने/गराउने,
- राष्ट्रिय खेलकुद परिषद सम्बन्धी कार्य गर्ने,
- खेलकुदको बिकासको लागि विद्यालयस्तरमा संचालन गर्नुपर्ने कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र समन्वय गर्ने,

- सह क्रियाकलाप सम्बन्धी शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने,
- खेलकुद विकाससम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा गर्ने,
- खेलकुद विकाससम्बन्धी स्वीकृत बार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी गराई सो अनुरूप कार्य सम्पादन गर्ने गराउने,
- शाखाको मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ।

**<u>अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन शाखा</u>**

- युवा, खेलकुद तथा स्काउटसँग सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गरी नीति निर्धारणमा सहयोग गर्ने,
- युवा, खेलकुद तथा स्काउटसँग सम्बन्धी अनुसन्धान तथा विकाससँग सम्बन्धित कार्यमा सहयोग र समन्वय गर्ने,
- अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको प्रचार प्रसार गराउने,
- मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार अनुगमन कार्ययोजना तथा मूल्याङ्कन सूचकहरू तयार गरी स्वीकृतिका लागि पेश गर्ने,
- स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम कार्यान्वयनको आवश्यकतानुसार अनुगमन एवं निरीक्षण गरी यससम्बन्धी पृष्ठपोषण प्राप्त गर्ने,
- कार्यक्रम कार्यान्वयनमा देखा परेका बाधा अड्काउ हटाउने र समस्या समाधान गर्न सहयोग गर्ने,
- आयोजना र परियोजनाहरूको चौमासिक प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकायहरूमा पठाउने,
- शाखाको मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

**संघसंस्था समन्वय शाखा**

- युवा तथा खेलकुदसम्बन्धि राष्ट्रियस्तरका संघ/संस्था/परिषदहरूसँग सम्पर्क, सम्बन्ध, समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने,
- युवा र खेलकुदका क्षेत्रमा कार्यरत संघ/संस्थाहरूलाई आबद्ध गराई राष्ट्रियस्तरमा सञ्जाल तयार गर्ने,
- राष्ट्रिय सञ्जाल मार्फत युवा तथा खेलकुद विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गर्ने र नेपाल स्काउट सम्बन्धी कार्य गर्ने,
- विभिन्न निकायबाट अनुरोध भई आएमा राजश्व छुट, भिषा र राहदानी सम्बन्धी आवश्यक कार्यवाही गर्ने,
- नेपाल स्काउटसँग समन्वय गरी उक्त निकाय मार्फत सञ्चालन गर्ने कार्यक्रमको समन्वय गर्ने,
- शाखाको मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ।

**कानुन तथा फैसला कार्यान्वयन शाखा**

- मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयहरूका एन नियम तर्जुमा गर्ने,
- मन्त्रालयसम्बन्धी पर्न आएका मुद्दा मामिलासम्बन्धमा आवश्यक कार्य गर्ने,
- जग्गा अधिकरण र भोगाधिकार सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयका महाशाखा, शाखा तथा अन्तर्गतका कार्यालयहरूलाई आवश्यक परेको बेलामा कानुनी सल्लाह उपलब्ध गराउने,
- मन्त्रालयबाट प्रकाशित गराउनुपर्ने नियम विनियम सूचना आदि नेपाल राजपत्रमा प्रकाशन गराउने व्यवस्था गर्ने,
- अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने, गराउने,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

- नागरिक बडापत्र उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने ।

**खेलकुद प्रतियोगिता शाखा**

उप सचिवः

- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संचालन हुने खेलकुद प्रतियोगिताहरू सम्बन्धि कार्यहरूको समन्वय गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्नसक्ने खेलाडी उत्पादन हुनेगरी खेलको स्तर वृद्धि सम्बन्धमा कार्य गर्ने गराउने,
- राष्ट्रपति रनिङशिल्ड, खेलकुद प्रतिभा सम्मान सम्बन्धी कार्य गर्ने,
- विद्यालय खेलकुद प्रतियोगिता (जुनीयर च्याम्पियनसिप) सम्बन्धी कार्य गर्ने,
- विश्वविद्यालय खेलकुद प्रतियोगिता सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय खेलकुद प्रतियोगिता सम्बन्धी कार्य गर्ने,
- शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- नागरिक बडापत्रमा उल्लेख भएका आफ्नो शाखासँग सम्बन्धित कामहरू एवं अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,

प्राविधिक सहायकः

- शाखामा आवश्यक चिठीपत्रहरू मस्यौदा गर्ने,
- शाखामा तयार भएका फाईलहरूको अभिलेख राख्ने,
- शाखा सम्बन्धी चिठी दर्ता चलानी गर्ने,
- शाखाका सामग्रीहरूको सुरक्षा गर्ने,
- शाखाका उच्च अधिकारीबाट निर्देशन गरिएका कार्य गर्ने ।

**युवा तथा खेलकुद मन्त्रालयबाट प्रदान गरिने सेवाः**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ ले युवा तथा खेलकुद मन्त्रालयलाई प्राप्त ११ वटा कार्यादेश र जिम्मेवारी पूरा गर्ने सिलसिलामा निम्नलिखित सेवाहरू प्रदान गरिंदैअएको छ ।

- सबै सरोकारवाला युवाहरूलाई माग बमोजिम सूचना उपलब्ध गराउने,
- खेलकुद सामग्रीलहरू मगाउँदा लाग्ने भ्याट तथा अन्य कर छुट सुविधाकालागि सिफारिस गर्ने,
- विदेशी खेलाडी, प्रशिक्षकको भिसा सिफारिस गर्ने,
- राष्ट्रिय युवा नीति,२०७२, राष्ट्रिय खेलकुद नीति २०६७, यस मन्त्रालयबाट प्रकाशित विविध निर्देशिका, कार्यविधि लगायतका अन्य प्रकाशनहरू उपलब्ध गराउने,
- यस मन्त्रालयको नागरिक बडापत्र बमोजिमका अन्य कार्यहरू गर्ने,

**सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस मन्त्रालयअन्तर्गतका दुई महाशाखाका शाखा तथा शाखा प्रमुखको विवरण यसप्रकार छः

**युवा तथा प्रशासन महाशाखा प्रमुखः सहसचिव रामप्रसाद थपलिया**

**युवा तथा प्रशासन महाशाखा अन्तर्गतका शाखाहरू**

| क्र सं | शाखा | जिम्मेवार अधिकारी | पद |
|---|---|---|---|
| १ | प्रशासन शाखा | शुशीला अर्याल | उपसचिव |
| २ | युवा विकास तथा परिचालन शाखा | ज्ञानराज सुवेदी | उपसचिव |
| ३ | तथ्याङ्क तथा सूचना शाखा | महेन्द्रप्रसाद पौड्याल | उपसचिव |
| ४ | आर्थिक प्रशासन शाखा | मेघराज पोखरेल | उपसचिव |
| ५ | कानुन तथा फैसला कार्यान्वयन शाखा | अर्जुन भुषाल | शाखा अधिकृत |

**खेलकुद तथा संघसंस्था महाशाखा प्रमुखः सहसचिव अणप्रसाद न्यौपाने**

खेलकुद तथा संघसंस्था महाशाखा अन्तर्गतका शाखा

| क्र सं | शाखा | जिम्मेवार अधिकारी | पद |
|---|---|---|---|
| १ | योजना तथा वैदेशिक समन्वय | रविप्रसाद दवाडी | उपसचिव |

| | | | |
|---|---|---|---|
| | शाखा | | |
| २ | खेलकुद विकास शाखा | लक्ष्मी प्रसाद भट्टराई | उपसचिव |
| ३ | खेलकुद प्रतियोगिता शाखा | रत्नबहादुर कटुवाल | उपसचिव |
| ४ | अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन शाखा | महेश्वर शर्मा | उपसचिव |
| ५ | संघसंस्था समन्वय शाखा | जर्नादन रिजाल | उपसचिव |

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

| **क्रसं** | **सेवाको किसिम** | **लाग्ने दस्तुर** | **अवधि** | **कैफियत** |
|---|---|---|---|---|
| १ | सूचना माग | १० पृष्ठसम्म निशुल्क र सोभन्दा माथि प्रति पृष्ठ रु ५। | १५ दिनभित्र | माग गरिएको सूचनाको प्रकृतिअनुसार कम समयमा पनि उपलब्ध हुन सक्ने |
| २ | खेलकुद सामग्रीहरू मगाउँदा लाग्ने<br>भ्याट तथा अन्य कर छुट सुविधाका लागि सिफारिस गर्ने | निःशुल्क | यथाशक्य छिटो | |
| ३ | विदेशी खेलाडी, प्रशिक्षकको भिसा सिफारिस गर्ने | निःशुल्क | यथाशक्य छिटो | |
| ४ | राष्ट्रिय युवा नीति, २०७२, राष्ट्रिय खेलकुद नीति, २०६७ तथा यस मन्त्रालयबाट प्रकाशित विभिन्न निर्देशिका, कार्यविधिलगायतका अन्य प्रकाशनहरू उपलब्ध गराउने | निःशुल्क | माग गरेकै समयमा | |

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

निर्णय गर्ने प्रक्रियाका सम्बन्धमा कागजात फाईल अदिको सुरूउत्थान गर्ने कार्यको थालनी शाखा अधिकृत तथा उप सचिवबाट र निर्णय गर्ने कार्य सहसचिव वा सचिव वा मन्त्रीबाट हुने ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

निर्णय प्रक्रियामा संलग्न अधिकारीले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयकर्ता भन्दा १ तहमाथिको पदाधिकारी समक्ष उजुरी गर्न सकिने र त्यस्तो उजुरी उपर नियमानुसार कारवाही गरिने ।

**सम्पादन गरेको कामको विवरणः**_विभिन्न शाखाबाट २०७४ बैशाख, जेठ र असार महिनामा सम्पादित कार्यहरू

तथ्याङ्क तथा सूचना शाखा**वाट सम्पादित कार्यहरु**

- मिति २०७४/०२/१४मा पत्रकारहरु सगँ समिक्षा कार्यकम सम्पन्न,
- मिति २०७४/०३/०३मा मन्त्रालय, राष्टिय युवा परिषद, राष्टिय खेलकुद परिषद रस्काउटका सूचना अधीकारी एवम कर्मचारीहरुका लागि सूचनाको हकको, अभिमिखकरण कार्यकम सम्पन्न
- युवा अङ्क १७ को प्रकाशन
- युवा प्रतिभा सम्मान २०७४ कोलागि युवा प्रतिभा छनौट कार्य सम्पन्न,
- युवा सचार रेडियोकार्यकमका ५२ वटा कार्यकमप्रसारण,

**सूचनाको हकअन्तर्गत सूचना माग भएको र प्रवाह भएको बिवरण**

निकायको नामः श्री युवा तथा खेलकुद मन्त्रालय, तथ्याङ्क तथा सूचना शाखा

प्रतिबेदनको अबधिः २०७४ बैशाख, जेठ र असार

| क्र.सं | सूचनामागगर्ने को नाम, ठेगाना र सूचनामाग गरेको मिति | माग गरेको सूचनाको संक्षिप्त बिबरण | सूचनादिएनदिएको र सो निर्णयको मिति | सूचना कार्यालय प्रमुखवा सूचनाअधिकारी मध्ये कुन तहबाट सूचनादिइएको | नदिइएको भए सोको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कवीन्द्र बुर्लाकोटी | युवाका क्षेत्रमा उल्लेखिनय कार्य गरेका ब्यक्तित्वहरुको प्रमाणित प्रतिलिपी | बैशाख २६ | सूचनाअधिकारी/ सहायकसूचना अधिकारी | | |

**युवा विकास तथा परिचालन शाखाबाट सम्पादित कार्यहरूः**

- **यथ भिजन-२०२५ को कार्यान्वयन कार्ययोजनामा मन्त्रालय, राष्ट्रिय युवा परिषद् तथा विभिन्न १८ मन्त्रालयका युवा सम्पर्क अधिकृतको सहभागितामा एक दिने छलफल कार्यक्रम सम्पन्न ।**

**खेलकुद प्रतियोगिता शाखावाट सम्पादित कार्यहरु**

- अल्ट्रा धावक मिरा राई तथा प्रशिक्षक ध्रुब विक्रम मल्ललाई नेपाल सरकार (मन्त्रीस्तरीय) बाट आर्थिक सहायता गर्ने निर्णय भएअनुसार मिरा राईलाई नगद रु.३० लाख र प्रशिक्षक ध्रुब विक्रम मल्ललाई रु. ३ लाख गरी ३३ लाख हस्तान्तरण भएको ।
- जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगितामा सहभागी विद्यालयहरुलाई प्रोत्साहन स्वरुप ३३२४ विद्यालयका लागि प्रति विद्यालय रु. १० हजारका दरले रु. ३ करोड ३२ लाख ४० हजार र ७५ जिल्लाका प्रतियोगितामा प्रथम तथा द्वितिय हुने विद्यालयहरुको लागि

क्रमशः ५० हजार र २५ हजारका दरले एकमुष्ट रु.५६ लाख २५ हजार गरी जम्मा रु. ३ करोड ८८ लाख ६५ हजार राष्ट्रिय खेलकुद परिषद्को नाममा निकासा पठाईएको ।

- आ.व. ०७२/७३ मा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण पदक सहित पुरानो रेकर्ड ब्रेक गरी नयाँ रेकर्ड समेत कायम गरेकोले तपशिल बमोजिमका खेलाडीहरुलाई खेलकुद पुरस्कार तथा सम्मान कार्यविधी, २०७२ बमोजिम निम्न अनुसार पुरस्कार प्रदान गर्ने निर्णय गरी पुरस्कार हस्तान्तरणको प्रकृयामा रहेको ।

**तपिशल**

| सि.नं. | सहभागी भएको खेल | खेलाडीको नाम थर | विधा | पदक | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एथलेटिक्स | अजित कुमार यादव | १५०० मिटर दौड (छात्र) | स्वर्ण | १ लाख | नयाँ रेकर्ड कायम |
| २ | एथलेटिक्स | मञ्जु रावत | १५०० मिटर दौड (छात्रा) | स्वर्ण | १ लाख | नयाँ रेकर्ड कायम |
| ३ | सटपुट | तिलक वि.क. | सटपुट (छात्र) | स्वर्ण | १ लाख | नयाँ रेकर्ड कायम |
| ४ | ट्रिपलजम्प | विपना परियार | ट्रिपलजम्प (छात्रतर्फ) | स्वर्ण | १ लाख | नयाँ रेकर्ड कायम |
| ५ | लङजम्प | विपना परियार | लङजम्प (छात्रातर्फ) | स्वर्ण | १ लाख | नयाँ रेकर्ड कायम |

- भुटानमा सम्पन्न भएको 8th WBPF bodybuilding and physique sports championship 2016मा महेश्वर मर्हजनले स्वर्ण पदक प्राप्त गरेकोले खेलकुद पुरस्कार तथा सम्मान कार्यविधी, २०७२ बमोजिम रु. १ लाख पुरस्कार प्रदान गर्ने निर्णय गरी हस्तान्तरणको प्रकृयामा रहेको ।

- थाईल्याण्डमा सम्पन्न भएको 50th Asian body building & physique sports championship मा ननिता महर्जनले कास्य पदक प्राप्त गरेकोले खेलकुद पुरस्कार तथा सम्मान कार्यविधी, २०७२ बमोजिम रु. ३५ हजार पुरस्कार प्रदान गर्ने निर्णय गरी हस्तान्तरणको प्रकृयामा रहेको ।

**<u>सङ्घ संस्था समन्वयशाखावाट सम्पादित कार्यहरु</u>**

- विभिन्न खेलकुद सामाग्रीमा कर छुटका लागि सिफारीस गरीएको
- विदेशी प्रशिक्षक र खेलाडीहरुकोलागि भिसाका लागि सिफारीस गरीएको
- जिल्ला स्काउट बारालाइ भवन निर्माण अनुदान निकासा गरीएको( थप)

**<u>खेलकुद विकासशाखावाट सम्पादित कार्यहरु</u>**

१ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति 2074/02/08 को निर्णयानुसार – भलिबल ' खेललाई नेपालको राष्ट्रिय खेल तोकिएको ।

२ खेलकुदमा प्रतिबन्धित औषधी सेवन विरुद्धको सचेतना कार्यक्रम पोखरा सुर्खेत र काभ्रेपलाञ्चोकमा सम्पन्न ।

**<u>सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः</u>**

<u>कार्यालय प्रमुखः</u>

नामः महेश प्रसाद दहाल

पदः सचिव

<u>सूचना अधिकारीः</u>

नामः महेन्द्रप्रसाद पौड्याल

पदः उपसचिव

<u>सहायक सूचना अधिकारीः</u>

नामः सुमन अधिकारी सिलवाल

पदः शाखा अधिकृत

मातहतका सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

राष्ट्रिय युवा परिषद्

नामः कर्णबहादुर भुवाजी

पदः उपसचिव

सम्पर्कः ९८६०१४३६६४

राष्ट्रिय खेलकुद परिषद्

नामः सुधीर अधिकारी

सम्पर्कः ९८४१२९३९३८

पदः शाखा अधिकृत

**नेपाल स्काउट**

नामः रविराज पौडेल

पदः प्रशासकीय अधिकृत

सम्पर्कः ९८०१८०६७१९

**ऐन नियम विनियम वा निर्देशिकाको सूचीः**

यस मन्त्रालयको सञ्चालन तथा व्यवस्थापन र कामकारबाही व्यवस्थित गर्नका लागि निम्नलिखित ऐन, नियम तथा नीति, निर्देशिका र कार्यविधिहरु प्रचलनमा रहेका छनः

- खेलकुद विकास ऐन, २०४८
- राष्ट्रिय युवा परिषद ऐन, २०७२
- नेपाल स्काउट ऐन, २०५०
- राष्ट्रिय युवा नीति, २०७२
- राष्ट्रिय खेलकुद नीति, २०६७
- युथ भिजन २०२५
- राष्ट्रपति रनिङशिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०

- राष्ट्रिय युवा प्रतिभा सम्मानकार्यविधि, २०७२
- राष्ट्रिय खेलकुद प्रतिभा सम्मान (दोश्रो संशोधन) कार्यविधि, २०६८
- खेलकुद मैदान निर्माण तथा मर्मत र खेलकुद सामग्री सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- पारा र स्पेसल खेलकुद सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६७
- राष्ट्रिय खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२
- खेलकुद प्रशिक्षणका लागि युवा स्वयंसेवक परिचालन कार्यविधि, २०७२
- सूचनाको हकसम्बन्धी निवेदनको कारबाही र किनारा गर्ने आन्तरिक कार्यविधि, २०७२
- युवा अनुभव आदान प्रदान ब्यवस्थापन कार्यविधि, २०७२

**आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणः**

२०७४ असारमसान्त सम्मको भौतिक र वित्तीय प्रगति विवरणः

| क्र.सं | बजेट उपशिर्षक नं. | कार्यक्रम | भौतिक | वितिय |
|---|---|---|---|---|
| १. | ३४३१०१ | राष्ट्रिय युवा परिचालन | ८८.५६% | ७१.८०% |
| २. | ३४३१०२ | खेलकुद बिकास कार्यक्रम | ८७.०८% | ७३.७७% |
| ३. | ३४३०१२ | राष्ट्रिय खेलकुद परिषद | ८५.४७%(कार्यक्रम)<br>९५.८९%(पुर्वाधार) | ९५.८१%<br>८६.५९% |
| ४. | ३४३०१३ | राष्ट्रिय युवा परिषद | ९९.३७% | ७९.४२% |

**युवा तथा खेलकुद मन्त्रालयको वेबसाइट** (www.moys.gov.np) **को विवरणः**

- यस मन्त्रालयका सबै गतिविधिहरु र कामकारबाही सबै सरोकारवालाहरुका लागि खुला र पहुँच योग्य बनाउने उद्देश्यले मन्त्रालयको वेबसाइट सञ्चालनमा ल्याइएको छ।

- युवा विकास तथा परिचालनका लागि युवावर्गलाई उपयोगी सबै प्रकारका सूचना व्यवस्थित तथा अद्यावधिक गरी ७५ वटै जिल्ला स्थापना भएका जिल्ला युवा समितिका कार्यालयहरुमार्फत सूचनामा युवाको पहुँच बढाउने प्रयास हुँदै आएको छ ।

**सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरणः**

- यस मन्त्रालयका गतिविधि तथा युवा तथा खेलकुद विकाससम्बन्धी लेखरचनाहरु समेटी **युवा** बुलेटिननियमित रुपमा प्रकाशन हुँदै आएको छ र सो बुलेटिन माथि उल्लेख गरिएको वेबसाइटमा राखिएको छ ।
- यस मन्त्रालयका सार्वजनिक सरोकारका सूचनाहरु मन्त्रालयका www.moys.gov.np वेबसाइटमा राख्ने गरिएको छ ।

**तोकिएबमोजिमका अन्य विवरणः**

- सूचना अधिकारीको फोटो र विवरणसहितकोFlex Boardकार्यालय प्रवेशद्वारमा राखिएको ।
- तथ्याङ्क तथा सूचना शाखाका शाखा अधिकृतलाई सहायक सूचना अधिकारी तोकिएको ।
- राष्ट्रिय सूचना आयोगको निर्देशनबमोजिम सूचनाको हकसम्बन्धी निवेदनको कारबाही र किनारा गर्ने आन्तरिक कार्यविधि, २०७२ कार्यान्वयनमा ल्याइएको ।
- क्षतिपूर्तिसहितको नागरिकबडापत्र तयार पारी मन्त्रालयको वेबसाइटमा राखिएको ।
- सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) अनुसार ३/३ महिनामाProactive Disclosureनियमित रूपमागरिएको । प्रकाशन गरिएको सूचना मन्त्रालयकोwebsiteमा राख्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सूचना आयोग, र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा पठाउने गरिएको ।